आज मिति २०८०।०२।२३ गते मंगलबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को १८ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री चित्र प्रसाद गुरागाँई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

## प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. सडक स्तरोन्नती तथा कालोपत्रे निर्माण ठेक्का नं. 6/NCB/CM/079-080 को भुक्तानी सम्बन्धमा ।
३. कार्यविधि पारित गर्ने सम्बन्धमा ।
४. हावाहुरी लगाएतका विपद् प्रभावितहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
५. वडा नं. ५ मा कोल्डस्टोर निर्माण योजनाको निरन्तरता सम्बन्धमा ।
६. दमकल मर्मत सम्बन्धमा ।
७. कसर सञ्चालन अनुमति दिने सम्बन्धमा ।
८. राजश्व परामर्श समितिको पूर्णता सम्बन्धमा
९. क्याम्सप प्रमुखहरुको तलब भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
१०. वडा नं. ९ को स्वास्थ्य चौकी भवन निर्माणको भेरिएशन सम्बन्धमा ।
११. स्वास्थ्य संस्थाहरु र न्यायीक समितिको लागि कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा **यस नगरपालिकाको चालु आर्थिक वर्षको लागि संघीय सरकारबाट हस्तान्तरित समपुरक अनुदान कम्पोनेन्ट नं. ३०५०११०१ शिर्षक "वडा नं. ९ को वि.पि. चौक देखि शुक्रबारे वडा नं. १० वडा कार्यालय पश्चिम बकैनिया हुदै देबधार जाने बाटो स्तरउन्नति तथा कालोपत्रे" ठेक्का नं.** 6/NCB/CM/079-080 **रु.२,२१,६२,६८५.०० मा ठेक्का सम्झौता भै प्रथम किस्ता मुल्यांकन रु.९१,११,२२७।- भुक्तानी माग भएकोमा समपुरक अनुदान कार्यविधि बमोजिम ५० प्रतिशत भुक्तानी रु.४५,५५,६१४।- नगरपालिकाले ब्यहोर्नुपर्ने ब्यवस्था बमोजिम समपुरक कोष संघिय सरकारका लागि बजेट श्रोत (समानीकरण अनुदान) तर्फ रु.१०,४२,०००।- समपुरक कोष संघिय सरकारका लागि बजेट श्रोत (स्थानीय राजश्व बाँडफाँड) तर्फ रु.६०००००।- भुक्तानी गर्ने र नगरसभाबाट समपुरक कोष संघीय सरकार (समानीकरण अनुदान) का लागि बिनियोजित रकम नगर कार्यपालिकाको मिति २०७९/०६/०७ गतेको निर्णय बमोजिम बजेट समपुरक कोष संघीय सरकारका लागि स्थानीय राजश्व बाडफाँड अन्तर्गत बजेट श्रोत रुपान्तरण बिनियोजन भएकोमा हाल स्थानिय राजश्व बाडफाँड अन्तर्गत बजेट अनुमानित राजश्व संकलन नभएकोले भुक्तानीका लागि बजेट श्रोत रकम अभाव भएको हुँदा उक्त कार्यको ५० प्रतिशत अपुग रकम मध्ये रु.१५,००,०००।-(पन्ध्र लाख रुपैया मात्र) समपुरक कोष (सडक बोर्ड लगायत अन्यका लागि) बजेट श्रोत (समानीरकण अनुदान) बाट भुत्तानी गरी जम्मा रु.३९४२०००।- भुक्तानी गर्ने र बाँकी रकम हाल समपुरक अनुदानबाट।- भुत्तानी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।**

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा कोशी प्रदेश सरकारबाट स्थानीय तहको गठन, सञ्चालन र सेवाका सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेश, २०८० को दफा ८(१६) र दफा २८ र २९ को व्यवस्था कार्यान्वयनको लागि दफा १५४ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह बृद्धि र बढुवा सम्बन्धि कार्यलाई व्यवस्थित गर्न "चौदण्डीगढी नगरपालिकाको कर्मचारी तह बृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८०" स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो । साथै चौदण्डीगढी नगरपालिकाको विद्यालय/विद्यार्थी छात्रवृत्रि व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी छलफल गर्दा विभिन्न मितिमा आएको हावाहुरी लगाएतको विपद् जन्य घटनाबाट यस नगरपालिकाको विभिन्न वडामा बस्ने नागरिकहरुको घर तथा अन्य संरचनाहरुमा क्षति पुगेको र निजहरुलाई राहत उपलब्ध हुने व्यवस्थाको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा तपसिलमा उल्लेखित व्यक्तिहरुको घरमा नगरपालिकाबाट स्थलगत अनुगमन गरी यस नगर पालिकाको विपद् व्यवस्थापन तथा भैपरी खर्च शीर्षकबाट उपयुक्त रकम राहत स्वरुप उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :

१. आरती बि.क. वडडा नं. ९ (हावाहुरीले घरको छाना उडाएको)
२. राजन विश्वकर्मा वडा नं. २ (हावाहुरीले गोठको छाना उडाएको)
३. कुमारी खड्का वडा नं. ६ (हावाहुरीले रुख ढली घरमा क्षति भएको)
४. जानुका कुमारी खड्का वडा नं. ९ (हावाहुरीले घरको छानामा क्षति)
५. छत्र बहादुर खनाल खत्री वडा नं. ९ (हावाहुरीले घरको छाना उडाएको)
६. सिता मगर वडा नं. ९ (हावाहुरीले घरको छाना उडाएको)
७. गणेश गिरी वडा नं. ९ (हावाहुरीले घरको छाना उडाएको)
८. द्रोण कुमारी कार्की वडा नं. ९ (उपचारको कममा छोरीको मृत्यु)
९. राम माया परियार वडा नं. ८ (हावाहुरीले घरको छाना उडाएको)
१०. ऋतुवर्ण राई वडा नं. १ (हावाहुरीले घरमा क्षति)
११. हर्क बहादुर राई वडा नं. १ (हावाहुरीले घरमा क्षति)
१२. दुर्गामाया परियार वडा नं. १ ( हावाहुरीले घरमा क्षति)

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. ५ शिवाईमा नेपाल सरकारको बिशेष अनुदान रकमबाट कोल्डस्टोर निर्माणको लागि मिति २०७८।१०।२५ मा चन्द्रसूर्य कन्ट्रकशन त्रि.न.पा. ११, गाईघाट सँग मिति २०७९।०३।१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा स्थानीय तहको निर्वाचन, निर्माण व्यवसायिहरुको निर्माण होलिडे लगाएतका कारणले उक्त निर्माण कार्य सम्पन्न हुन नसकेको र यस नगरपालिकाको १२ औं नगर सभाको निर्णय नं. ५.७५ बाट उक्त ठेक्काको म्याद मिति २०८०।०३।२० गते सम्मको लागि थप गरिएकोमा सम्बन्धित निकायबाट बजेट व्यवस्था नभएकोले विशेष अनुदान कार्यविधि, २०७५ को दफा ९ को व्यवस्था बमोजिम योजना सञ्चालन र निरन्तरताका लागि यस नगरपालिकाको समपुरक कोष (संघीय सरकारका लागि) बाट हाल रु.२०,००,०००।- व्यवस्था सहित बजेट श्रोत सुनिश्चितता गर्ने र योजना पूर्ण रुपमा सम्पन्न गर्नको लागि आवश्यक बजेट आगामी आ.ब. २०८०/०८१ को बार्षिक बजेटमा क्रमागत रुपमा बजेट श्रोत सुनिश्चितता गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा मिति २०८०।०२।०५ गतेका दिन बेलका नगरपालिकाको वडा नं. ४ लालबजारमा भएको टिप्पर दुर्घटनाको विषयलाई लिएर स्थानीय आक्रोशित भिडले दुर्घटना गराउने बाहेकका सवारी साधनहरुमा आगजानी गरेपश्चात प्रहरीको मार्फत यस नगरपालिकाको दमकल घटना स्थल तर्फ गएकोमा उक्त घटना स्थल नजिक पुग्नासाथ स्थानीयहरुले दमकलमा तोडफोड गरी ठुलो क्षति पुऱ्याएको र उक्त दमकल मर्मतको लागि प्राविधिकबाट स्टीमेट गराउदा अनुमानित लागत रु.७,८५,६७६।- लाग्ने देखिएको हुँदा उक्त अनुमानित खर्चलाई अनुमोदन गर्दै दमकल तत्काल बनाउन पठाउने निर्णय गरियो । साथै उक्त दमकल मर्मतको वास्तविक खर्च रकम समानान्तर रुपमा भुक्तानी गर्ने व्यवस्थाको लागि बेलका नगरपालिकासँग समेत आवश्यक समन्वय गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ मा रहेको श्री बजरंगबली कसिङ्ग प्रा.लि. लाई कसर सञ्चालन गर्न अनुमति दिने सम्बन्धमा यस नगरपालिकाको २ नं. वडा कार्यालयबाट सिफारिस भई आएको र नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१०।११ गतेको बैठकको निर्णय नं. ४ को (ङ) अनुसार विगतमा स्थापना भई मापदण्ड लगाएतको कारणले नविकरण हुन नसकेका कसरहरुको हकमा नियमानुसारको नविकरण शुल्क लिई मिति २०८० साल असार मसान्त सम्मको लागि यथावत रुपमा सञ्चालन गर्न दिने व्यवस्था गरेको हुँदा उक्त मन्त्रिपरिषदको निर्णय र वडाको स्थलगत सर्जमिन सिफारिस समेतको आधारमा उक्त बजरंगबली कसिङ्ग प्रा.लि. बाट नियमानुसार राजश्व लिई मिति २०८० असार मसान्त सम्म सञ्चालनको लागि अनुमति प्रदान गर्ने र हुलाकी राजमार्ग ईटहरीको च.नं. ७२२, मिति २०८०।०२।२२ गतेको पत्र बमोजिम उक्त कसरबाट उत्पादित नदिजन्य पदार्थ लैजान अनुमति दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथी छलफल गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) बमोजिम यस नगरपालिकाको मिति २०७९।०२।१९ गतेको नगर कार्यपालिकाको बैठकबाट गठित यस नगरपालिकाको राजश्व परामर्श समितिका २ जना सदस्यहरुले उक्त सदस्य पदबाट राजिनामा दिनु भए पश्चात रिक्त रहेको उक्त समितिको सदस्यमा तपसिलका पदाधिकारीहरुलाई जिम्मेवारी तोक्ने गरी राजश्व परामर्श समितिलाई पूर्णता दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. श्री हरि बहादुर खड्का - अध्यक्ष वडा नं. २ - सदस्य
२. श्री सुस्मा राई - नगर कार्यपालिका सदस्य - सदस्य

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को लागि १२ औं नगरसभाबाट स्वीकृत बार्षिक नीति, बजेट तथा कार्यक्रम अनुसार शिक्षा क्षेत्रको उचित विकास र व्यवस्थापनको लागि यस नगरपालिका क्षेत्रमा सञ्चालित २ वडा क्याम्पसहरुमा फुलटाईमर क्याम्पस प्रमुखको व्यवस्थापन गर्ने गरी बजेटको व्यवस्था गरिएको र उक्त दुई वटै क्याम्पसहरु श्री ज्योति जनता बहुमुखी क्याम्पस र नारद आर्दश शिक्षा क्याम्पसले क्याम्पस व्यवस्थापन समिति मार्फत क्याम्पसहरु छनौट तथा नियुक्ति समेत गरिसकेको हुँदा उक्त क्याम्पस प्रमुखहरुको मासिक तलब भत्ताको लागि यस नगरपालिकाको शिक्षा तर्फ क्याम्पस जनशक्ति व्यवस्थापन ज्योति जनता ब. क्याम्पस र नारद शिक्षा क्याम्पस १/१ जना प्रिन्सिपल शीर्षकबाट तपसिल बमोजिमको रकम तलब अनुदान बापत क्याम्पसहरुलाई उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो । साथै नगरसभाबाट बजेट बिनियोजन भएको क्याम्पस जनशक्ति व्यवस्थापन ज्योति जनता ब. क्याम्पस र नारद शिक्षा क्याम्पस १/१ जना प्रिन्सिपल शीर्षकमा श्रोतको उपलब्धता नभएकोले गैससहरुसँग साझेदारी कार्यक्रम शीर्षकमा बिनियोजित रकम रु.५०००००।- लाई शीर्षकान्तर गरी हाललाई दुवै क्याम्पसमा आधाआधा हुनेगरी तलब अनुदान रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. श्री ज्योति जनता बहुमुखी क्याम्पस सातधारे रु.३,०४,४२२।- (२०७९ माघ देखि २०८० असार)

२. श्री नारद आदर्श शिक्षा क्याम्पस बसाहा रु.३,०४,४२२।- (२०७९ माघ देखि २०८० असार)

निर्णय नं. १०

प्रस्ताव नं. १० माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ को स्वास्थ्य चौकिको भवन निर्माणको लागि यस नगरपालिकाको ठेक्का नं. 01/NCB/CM/079/080 मार्फत निर्माण व्यवसायी चौदण्डीगढी निर्माण कम्पनी चौ.न.पा.४ सँग कबोल अंक रु.६४,००,४७४।५३ मु.अ.कर समेतमा ठेक्का सम्झौता भई निर्माण कार्य भई रहेको र हाल उक्त ठेक्काको १५ प्रतिशत सम्मको भेरिएशन गर्न आवश्यक भएकोले उक्त भेरिएशन स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथी छलफल यस नगरपालिकाबाट करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा बिभिन्न पदको लागि करार सेवामा कर्मचारी छनौट गर्ने कार्य अगाडी बढाईएकोमा विविध कारणबाट उक्त कार्य स्थगित भएको र विशेष गरी स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मी कर्मचारीहरुको अभाव भएकोले कतिपय स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह गर्न समेत समस्या आएको हुँदा कर्मचारी तत्काल व्यवस्थापन गर्नुपर्ने आवश्यकतालाई स्वास्थ्य शाखा मार्फत निर्कोल गरी अतिआवश्यक भएका स्वास्थ्य संस्थाहरुमा दैनिक ज्यालादारीमा कामकाज गर्न कर्मचारी खटाउने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय पारित गरियो । साथै यस नगरपालिकाको सहायक कम्प्युटर अपरेटर (सहायकस्तर चौथो) पदमा यस नगरपालिका वडा नं. ७ बस्ने अनुपराज खत्रीलाई दैनिक ज्यालादारीमा कामकाज गर्न खटाउने सर्वसम्मत निर्णय पारित गरियो ।